प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

## साझेदारीमा कृषि उपज संकलन केन्द्र पूर्वाधार निर्माणको लागि प्रस्ताव वुझाउने म्याद थप गरिएको सूचना

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको नियन्त्रण गर्ने उदेश्यले गरिएको लकडाउनका कारण उत्पन्न असहज परिस्थितिले गर्दा यस निर्देशनालयवाट मिति २०७६/१२/०७ गते प्रकाशित साझेदारीमा कृषि उपज संकलन केन्द्र पूर्वाधार निर्माणको लागि ईच्छुक स्थानिय तह, सहकारी संस्था, कृषि कार्यमा संलग्न उधोग/कम्पनी, बजार संचालक समिति तथा कृषक समूहले देहायका कागजातहरु सहित खामवन्दी प्रस्ताव वुझाउने म्याद मिति २०७७/०२/०७ गते सम्म थप गरिएको व्यहोरा अनुरोध छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावलाई छनौट प्रकृयामा समावेश गरिने छैन। कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ र बजार निर्माण कार्यविधि,२०७६ बमोजिम यो कार्यक्रम संचालन गरिनेछ। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा विस्तृत जानकारी र प्रस्ताब पत्र यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

संलग्न गर्नु पर्ने कागजातहरु

१ रु.१०। को हुलाक टिकट टाँस गरेको प्रस्ताब पत्र।

२ सहकारी संस्था, उधोग/निजि कम्पनी, बजार संचालक समिति तथा कृषक समूहको हकमा दर्ता / नविकरण गरेको प्रमाण पत्र र स्थायी लेखा नं. (पान) को प्रतिलिपी तथा संस्थाको हकमा पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी, लेखा परिक्षण प्रतिबेदन, कर चुक्ता, मूल्य अभिबृद्दि कर समायोजन प्रमाणको प्रमाणित प्रतिलिपीहरु।

३ प्रस्तावित संकलन केन्द्रको सक्कल डिजाईन र लागत अनुमान। प्रस्तावित संकलनको ईन्जिनियरीङ्ग डिजाईन/ड्रईङ्ग डिजाईन/स्पेशिफिकेशन/ लागत अनुमान आधिकारीक ईन्जिनियरवाट तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम १५ प्रतिशत) र श्रोत खुलाउनु पर्नेछ।

४ निर्माण स्थलको लालपूर्जाको प्रतिलिपी र सधियारहरुको स्बीकृतनामा। सार्वजनिक जग्गाको हकमा सो जग्गामा आवेदकलाई प्रस्तावित संकलन केन्द्र निर्माण गर्न दिने व्यहोरा खुलेको स्थानिय निकायको सिफारिश पत्र ।

५ कृषक समूह/बजार संचालक समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले बजार संचालक समिति तथा आन्तरिक अनुगमन समिति गठन गरेको बैठक निर्णयको प्रतिलिपी, समुह/समितिको विधान, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण ।

६ सम्बन्धित कृषि ज्ञान केन्द्र वा स्थानिय तहवाट प्रस्तावित स्थलमा कृषि उपज संकलन केन्द्र निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सिफारिश पत्र ।

७ निर्देशनालयले थप कागजातहरु जस्तै जग्गाको नक्शा, चारकिला सिफारिश पत्र, जग्गाको फिल्डवुक उतार आदी मांग गरेमा पेश गर्नु पर्ने छ। ती कागजात नबुझाउन सके समझौता गरिने छैन।

थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थविज्ञ श्री विकास कुमार साह (मो.न. ९८४५२२५४३९) वा अधिकृत छैठौ श्री महाकान्त लाल कर्ण (मो.न. ९८४४०५६५०३) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा

नि प्रमुख